# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

प. सं. ८/२०७८/०७९ प्र. ज. वि. शा.

च. नं. १

मितिः २०७८/०४/०३

विषयः सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।

श्री वडा अध्यक्ष/कार्यपालिका सदस्य/वडा सदस्यहरु (सबै),
श्री कर्मचारीहरु (सबै),
भरतपुर महानगरपालिका ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० बमोजिम सम्पत्ति विवरण पेश गर्नुपर्ने भएकोले यस महानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुले आर्थिक वर्ष २०७७/०७८ को सम्पत्ति विवरण फाराम खामबन्दी गरी अनिवार्य रुपमा मिति २०७८/०५/१५ गतेभित्र प्रशासन तथा जनशक्ति विकास शाखामा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि सादर अनुरोध छ ।

पुनश्चः १. वडाका जनप्रतिनिधि तथा कर्मचारीहरुको हकमा वडा सचिवमार्फत् एकमुष्ट आइपुग्ने गरी बुझाउनुहोला ।

२. प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/आयुर्वेद औषधालयमा कार्यरत कर्मचारीहरुले जनस्वास्थ्य प्रवर्द्धन शाखामार्फत एकमुष्ट आइपुग्नेगरी बुझाउनुहोला ।

(भोजराज खतिवडा)
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुखज्यू, भरतपुर महानगरपालिका ।
श्रीमान् नगर उपप्रमुखज्यू, भरतपुर महानगरपालिका ।

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४